महालेखापरीक्षकको
पाँचौं वार्षिक प्रतिवेदन
२०७९

याङवरक गाउँपालिका

पाँचथर

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

महालेखापरीक्षकको
पाँचौं वार्षिक प्रतिवेदन
२०७९

याङवरक गाउँपालिका

पाँचथर



महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

महालेखापरीक्षकको
पाँचौं वार्षिक प्रतिवेदन
२०७९

याङवरक गाउँपालिका

पाँचथर

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide independent and Quality Audit Service to Nation)

मूल्य मान्यता (Core Values)

निष्ठा	*(Integrity)*
स्वतन्त्रता	*(Independence)*
व्यावसायिकता	*(Professionalism)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानुनबमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७८/७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु रहेको छ । आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर रायसहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

यस वर्षको लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आवश्यक कानुनहरु तर्जुमा नगरेको, तर्जुमा भएका कानुनहरु राजपत्रमा प्रकाशन नगरेको, आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय न्यून रहेको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत सोझै खरिद गरेको, प्रशासनिक खर्च बढ्दै गएको बाँकी अनुदान बर्षान्तमा फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्च गरेको लगायतका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनौट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ दरबन्दी अनुसार पदपूर्ति नभएको, दरबन्दी वेगरका कर्मचारी नियुक्ति गरेको, उपभोक्ता समितिको कार्यमा सेवा प्रवाह सहज र व्यवस्थित नभएको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिन्सी एंव सम्पत्ति अभिलेख नराखेको, सञ्चालित योजना, कार्यक्रम तथा सेवा प्रवाहको अभिलेख नराखेको, बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फस्योंट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू आवश्यक कारवाही गरी वित्तीय अनुशासन कायम गर्नुपर्दछ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन पार्दै विशेष धन्यवाद दिन चाहन्छु।

(टंकमणि शर्मा दंगाल)

२०७९ चैत्र

महालेखापरीक्षक

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय
(कोशी प्रदेश)

पत्र संख्याः २०७९।८०
च.नं. १३३

मितिः २०७९।१२।२९

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्षज्यू,
याङवरक गाँउपालिका, गाँउकार्यपालिकाको कार्यालय, पाँचथर।

१. **कैफियतसहितको राय -** हामीले याङवरक गाँउपालिकाको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

२. **कैफियतसहितको राय व्यक्त गर्ने आधार**

२.१. गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।

२.२. लेखापरीक्षणबाट रू. ३ करोड २७ लाख ६० हजार बेरुजू देखिएको छ। सोमध्ये त्यँहाबाट प्राप्त प्रतिक्रिया उपलब्ध भई बाँकी बेरुजू असुल गर्नुपर्ने रू. १८ हजार रहेको छ ।पालिकाको गतवर्ष सम्म रु २ करोड २७ लाख १८ हजार बेरुजू बाँकी रहेकोमा यसवर्ष समायोजन र सम्परीक्षणबाट फछ्यौंट एवं यो वर्ष कायम भएको बेरुजू समेत हालसम्मको अद्यावधिक बेरुजू रु ७३ लाख ७३ हजार रहेको छ । गाउँपालिकाको **बेरुजू वर्गीकरण, अद्यावधिक बेरुजू स्थिति एवं प्रारम्भिक प्रतिवेदनको प्रतिक्रियाबाट लगत कट्टा गरिएको व्यहोरा यसैसाथ संलग्न छ ।**

२.३. गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।

२.४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

३. **वित्तीय विवरणउपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ। गाउँकार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

४. **वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(पद्मप्रसाद आचार्य)
नायब महालेखापरीक्षक

Phone: 4258174, 4266034, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box:13328
Email : aag.mgmt@oagnep.gov.np,Info@oag.gov.np Website : www.oag.gov.np

याङवरक गाँउपालिका, पाँचथर

१. चालु वर्षको बेरुजु २०७८।७९

१.१. बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट फछ्यौंट			बाँकी बेरुजु			बेरुजु						
दफा संख्या		रकम	दफा संख्या		रकम	दफा संख्या		रकम	असुल गर्नुपर्ने	नियमित गर्नुपर्ने					पेस्की
सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती			अनियमित भएको	प्रमाण कागजात पेश नभएको	राजस्व लगत जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	
४२	३१	३२७६०	०	२९	३२७४२	४२	२	१८	१८	०	०	०	०	०	०

१.२ प्रतिक्रियाबाट फस्यौंट गरिएका दफाहरुको स्विकृत विवरण

क्र.सं	प्रारम्भिक प्रतिवेदनको दफा नं.	छोटकरी व्यहोरा	रकम रु.
१	१४	विभिन्न शिर्षकमा कट्टि गरेको वहाल कर वापतको रु २४२८५.०० असूल भई आएको	२४२८५.
२	१५.१	दहत्तर बहत्तर शुल्कको चालिस प्रतिशतले हुने रकम रु.५२१३१६.०० प्रदेश संचितकोष दाखिला गर्नु पर्ने रकम दाखिला भई आएको	५२१३१६.
३	१७.२	बढि निकासा भएको रकम असुल भई आएको	३२५२६.
४	२२.१	बढी निकासा दिएको पेश्की रकम रु. ३८,९०,४०३.०० पे.फ.भएको र हर्जना रकम रु. १७८३१० असूल गरी आएको	३८९०४०३.
५	२२.२	नपुग जमानत रकम थप गरेको प्रमाण पेश भई आएको	१३३०२०१.६६
६	२५.१	मूल्य वृद्धिवापत भुक्तानी भएको रकम राजस्व दाखिला भई आएको	७९१०००.
७	२५.२	राजश्व दाखिला गरेको प्रमाण पेश भई आएको	१३२६०२.
८	२५.३	जमानत थपको कागजात पेश भएको	१७७४२९१.७
९	२५.४	वीमा गरेको प्रमाण पेश भई आएको	५०००००.
१०	२६.१	प्रमाण कागजात पेश भई आएको	११३०८०००.
११	२८.२	कार्य सम्पन्नताको प्रमाण पेश भई आएको	३६०००००.
१२	२८.३	कर कट्टा दाखिला भई आएको	५८३८०.
१३	३१	जमानत थपको प्रमाण पेश भई आएको	३०४९६८.४७
१४	३३	बेरुजु दाखिला भई आएको	१९२१५९.६

१५	३४	बेरुजु दाखिला भई आएको	६८७०.५६
१६	३५.१	पेश्की फछ्र्यौट भएको र हर्जना रकम रु२२४२६० दाखिला भई आएको	३३६३९१२.४८
१७	३५.३	जमानत थपको प्रमाण पेश भई आएको	४४२५६७९.३३
१८	३६	दिव्यवाणी मिडीया हाउसको कर समायोजन पेश भई आएको	१७२३९.
१९	३७	कार्यसम्पन्न प्रतिवेदन र अनुगमन लगायतका प्रमाण पेश भई	४००००००.
२०	३९	बोर्डिङ पास प्रमाण पेश भई आएको	१५०७५.
२१	४२	कर कट्टि नगरेको रकम दाखला भई आएको	५२८६०.
		जम्मा	३२७४१७६९.८

२. अद्यावधिक बेरुजू स्थिति २०७८।७९

(रु. हजारमा)

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्षको फछ्र्यौट	बाँकी बेरुजू	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
याङवरक गाँउपालिका पाँचथर	२२७१८	०	१५३६३	७३५५	०	१८	७३७३

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्षः २०७८/७९

कार्यालय र स्थान : याङवरक गाउँपालिका, पाँचथर , याङवरक गाउँपालिका , पाँचथर

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	सुमन लिङदेन (लिम्बु)	२०७८-९-२५	हाल सम्म कार्यरत
लेखा प्रमुख	चन्द्र कुमार थापा	२०७६-१-१०	हाल सम्म कार्यरत
		बेरुजु रकम	१८,३८०.९

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		५,८४,५८,२४१.९६	
आम्दानी		**खर्च**	
संघीय सरकारबाट अनुदान	३२,५६,१०,४३७	**चालु खर्च**	२६,१६,७५,८०३
प्रदेश सरकारबाट अनुदान	२,८४,४९,६१४	**पूँजीगत खर्च**	१७,५१,७६,८२८
राजश्व बाँडफाँट	७,३८,६३,८८०.५	**वित्तीय/अन्य व्यवस्था**	१३,०९,१२,३१४.९
आन्तरिक आय	६७,३४,९१६.३९		
अन्य आय	१३,५८,४७,२९२.५४		
कुल आय	५७,०५,०६,१४०.४३	**कुल खर्च**	५६,७७,६४,९४५.९
बाँकी मौज्दात		६,११,९९,४३६.४९	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१			**लेखापरीक्षण पद्धती** महालेखापरीक्षकको बार्षिक लेखापरीक्षण योजना २०७८ अनुसार स्वीकृत भएको इकाइगत लेखापरीक्षण योजना बमोजिम कार्यालयले पेश गरेको आर्थिक बिवरण, प्रगति प्रतिवेदन, लिखित प्रतिनिधित्व पत्र र अन्य बिवरण तथा लेखापरीक्षणका अन्तर्राष्ट्रिय मानदण्ड तथा मार्गदर्शन समेतलाई आधार मानी गाउँपालिकाको आर्थिक बर्ष २०७८।७९ को लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । स्रेस्ताको सम्पूर्ण जिम्मेवारी व्यवस्थापन पक्षको रहेको छ । स्रेस्ताको जोडजम्मा तर्फ कार्यालयले गरेको जोडजम्मालाई आधार लिइएको छ । सारभूत रुपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन। लेखापरीक्षणबाट देखिएका प्रमुख व्यहोराहरू निम्नानुसार छनः-	
२			**परिचय** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस याङ्वरक गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह—अस्तित्व, समन्वयलाई प्रवर्द्धन गर्नु, स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व र पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस गाउँपालिकाको उद्देश्य रहेको छ । यस गाउँपालिका अन्तर्गत ६ वडा, ३४ सभा सदस्य, २०८.६३ वर्ग किलोमिटर क्षेत्रफल तथा १८ हजार ३०० जनसंख्या रहेको छ ।	
३			**लेखापरीक्षणको क्रममा असुलीः** लेखापरीक्षणको क्रममा बढि तलब भत्ता भुक्तानी, घटी कर कट्टि, बैठक भत्ता वापत बढि भुक्तानी समेत रु. ६३७२४ असुल भई दाखिला भएको छ ।	
४			**बजेट पेश, पारित र अख्तियारीः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेटमा छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपाध्यक्ष श्री कमल कुमारी योङ्हाङ्गले २०७८।३।०९ गते रु. ४५ करोड ७० लाख ९८ हजारको बजेट सभा समक्ष पेश	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			गरेकोमा २०७८।०३।०९ मा पारित भएको छ । यसैगरी गाउँपालिका अध्यक्षले २०७८।०३।१५ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।	
५			**पारित बजेट भन्दा बढिको अख्तियारीः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था भए अनुसार मिति २०७८।३।०९ गते रु. ४५ करोड ७० लाख ९८ हजार ८ रुपियाको बजेट सभा समक्ष पेश गरेकोमा पेस भएको बजेट सोहि मितिमा पारित भएको देखियो । पारित बजेट बराबरकै खर्च गर्ने अख्तियारी गाउँपालिका अध्यक्ष्यले प्रमुख प्रशासकिय अधिकृतलाई दिनु पर्नेमा मिति २०७८।०३।१५ मा रु ४७ करोड ७९ लाख ८१ हजार ६३० को खर्च गर्ने अख्तियारी प्रमुख प्रशासकिय अधिकृतलाई दिएको पाईयो । यसरी गाउँसभाबाट सर्व सम्मतिले पारित गरेको वजेट भन्दा रु २ करोड ८ लाख ८३ हजार ६२२ रुपिया बढि हुने गरि खर्च गर्न अख्तियारी दिने कार्यमा नियन्त्रण गरि पारित बजेटको सिमा सम्मको मात्र अख्तियारी दिनु पर्दछ ।	
६			**वित्तीय विवरणः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकिए अनुसार गाउँपालिका तथा नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणालीको व्यवस्थापन गर्नुपर्दछ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था छ । यस पालिकाले महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरेको पाईएन ।	
७			**चौमासिक खर्चः** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ मा बजेट कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण तयार पारि केन्द्रिय निकाय र कोष तथा लेखा नियन्त्रक कार्यालयमा पठाउनु पर्ने व्यवस्था छ । तर गाउँपालिकाले स्वीकृत कार्यक्रम अनुसारको खर्चको स्थिति चौमासिक रुपमा उपलब्ध गरएको छ । पालिकाले उपलव्ध गराएको चौमासिक खर्चको स्थिति विश्लेषण गर्दा निम्न अनुसार अन्तिम चौमासिकमा एवं विशेष गरी आषाढ महिनामा बढी खर्च गरेको देखिन्छ	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>। वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा अधिक खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।
<table>
<tr><td rowspan="2">विवरण</td><td rowspan="2">कुल खर्च</td><td colspan="2">चौमासिक खर्चको विवरण</td><td></td><td rowspan="2">आषाढ महिनाको खर्च</td></tr>
<tr><td>प्रथम</td><td>दोस्रो</td><td>तेस्रो</td></tr>
<tr><td>चालु तर्फ</td><td>२६१६७५८०३</td><td>५८१५७४३५</td><td>६७९६०१८३</td><td>१३५५५८१८५</td><td>६९६२२६६९</td></tr>
<tr><td>पुँजिगत तर्फ</td><td>१७५१७६८२८</td><td>२३१६०२१६</td><td>४५८९८१०८</td><td>१०६११८५०४</td><td>७०७९३२२३</td></tr>
</table></td><td></td></tr>
<tr><td>८</td><td></td><td></td><td>आन्तरिक नियन्त्रण प्रणालीः

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम कार्यालयले आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन ।
• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा सो गरेको पाईएन ।
• गाउँपालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै गाउँपालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्वयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।
• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा गाउँपालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।
• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा गाउपालिका तथा गाउँपालिकाले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषयको क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन ।
• स्थानिय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन ।
• दिगो बिकास योजना २०१५-३० लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकी मुल्याङ्कन गर्ने कार्य भएको देखिएन ।</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			• गाउँपालिकाले सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई जिन्सी सामान वितरण गरेको पाईयो । • वडा कार्यालय तथा विषयगत शाखामा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी गाउँपालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन । • वडा कार्यालयमा वडा बजेटबाट खरिद गरेका जिन्सी सामानहरुको छुटै जिन्सी खाता राख्ने गरेकोमा जिन्सी दाखिला प्रतिवेदनमा कतिपय वडाहरुले जिन्सी खाता पाना नम्बर उल्लेख गर्ने गरेको देखिएन । • जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन । • मुल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६(क) अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई दिएको देखिएन । • कुनै रकमको भुक्तानी दिंदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन । • सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन। • ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन। • स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन । • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली वनाएको पाईएन । • सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन । • संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार गाउँपालिकाबाट संचालन भएका विभिन्न योजनाको निर्माण कार्य गर्न गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			• सञ्चालित योजनाको सूचना पाटीमा आय—व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन। • वातावरण संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार गरेको पाइएन । • सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिति अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन । • निजामती सेवा ऐन, २०४९ अनुसार कर्मचारीहरुको कार्य विवरण वनाई लागु गरेको पाईएन । • निजामती सेवा ऐन, २०४९ को दफा ७ ख २ वमोजिम तलवि प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले तलवी प्रतिवेदन पारित नगरी तलब भत्ता खर्च लेखेको पाईयो । • संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको २०७३।१२।२५ को परिपत्र अनुसार यस पालिकामा समाहित भएका साविकका गाँउ विकास समितिको नाममा रहेका पेश्की तथा वेरुजुको लगत तयार गरेको पाईएन । • गाउँपालिकाका पदाधिकारीहरुको मासिक अनुगमन सुविधा भुक्तानी गर्दा अनुगमन प्रतिवेदन संलग्न गर्ने गरेको देखिएन। • गाउँपालिकाका पदाधिकारीहरुले प्रयोग गर्ने सवारी साधनमा इन्धनको कोटा निर्धारण गर्ने नगरेको । • गाउँपालिका अध्यक्षले पालिका क्षेत्र भन्दा बाहिर ३ दिन भन्दा बढी अवधीको भ्रमण आदेश नगर कार्यपालिका बैठकबाट स्वीकृत वा अनुमोदन नगराई आफैले स्वीकृत गर्ने गरेको। • भ्रमण खर्चको विलसाथ भ्रमण प्रतिवेदन पेश गर्ने नगरेको । • भ्रमण आदेशमा स्पष्ट काम नखुलाई कार्यालय सम्बन्धी काम मात्र उल्लेख गर्ने गरेको । • इन्धन खरिद खर्चको भौचर साथ इन्धन खर्चको लगबुक संलग्न गर्ने नगरेको । • खर्चको रिभर्स, कट्टी कर दाखिला एवं आम्दानी सम्बन्धि कतिपय गोश्वार भौचरहरु श्रेस्तासाथ संलग्न गरि राख्ने नगरेको । • गोश्वारा भौचरसाथ संलग्न विल भरपाई अनुसार हुने खर्चको तेरिज तयार गरी राख्ने नगरेको । • वडा अध्यक्षहरुले आफ्नो भ्रमण आदेश नगर प्रमुखबाट स्वीकृत नगराई आफैले स्वीकृत गर्ने गरेको । • वडा सचिवको भ्रमण आदेश प्रमुख प्रसाशकिय अधिकृतबाट स्वीकृत नगराई वडा अध्यक्षले स्वीकृत गर्ने गरेको । • वडा कार्यालय सञ्चालन खर्च अन्तर्गत मोवाइल रिचार्ज खर्चमा नियन्त्रण गर्ने नगरेको । • कट्टी गरेको कतिपय कर रकमको दाखिला भौचर खर्चको गोश्वारा भौचर साथ संलग्न गर्ने नगरेको ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			• कतिपय योजनाहरुको अनुगमण प्रतिवेदनमा अनुगमन समितिका सबै सदस्यहरुको दस्तखत नभै केही सदस्यहरुको मात्र हुने गरेको । • स्वास्थ्य शाखामा कार्यरत कर्मचारीले पशु शाखाको बाख्रा पालन सम्बन्धी तालिम संचालन गर्ने गरेको । तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।	
९			**सेवा प्रवाहः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (२) मा गाँउपालिकाको काम, कर्तव्य र अधिकारको व्यवस्था रहेको छ । गाँउपालिकाले वडा कार्यालयबाट सम्पादित नागरिकता सिफारिस, घरबाटो सिफारिस, नाता प्रमाणित, पञ्जिकरणको तथ्याङ्क तथा अभिलेखलाई व्यवस्थित तुल्याउँदै सेवा प्रवाहलाई प्रभावकारी बनाउनु पर्दछ । यस गाँउपालिका तथा अन्तर्गतका वडाबाट यस वर्ष सम्पादित सेवा प्रवाहको स्थिति निम्नानुसार रहेको छ ।	

क्र.सं.	विवरण	प्राप्त निवेदन	सिफारिस संख्या
१	जन्म दर्ता	७०४	७०४
२	मृत्यू दर्ता	१०७	१०७
३	बसाइसराई दर्ता	१९२	१९२
४	बिबाह दर्ता	२२९	२२९
५	सम्बन्द बिच्छेद दर्ता	१०	१०
६	नाता प्रमाणित	२४५	२४५
७	घरबाटो सिफारिस	२२८	२२८
८	नागरिकता सिफारिस	६६८	६६८

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			९ | अन्य | ५७९ | ५७९	
१०			**अनुदान फिर्ताः** संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समपुरक वाहेकका अनुदान वर्षान्तमा खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । प्राप्त विवरण (सुत्रको अनुसूची १२ र २१) अनुसार २०७८ असार मसान्तमा संघीय सरकारतर्फ रु. ५००२९१४९.०० र प्रदेश सरकारतर्फ रु. १०४१३८६.०० अनुदान खर्च नभई बाँकी रहेको रकम मिति २०७९।०३।३० मा संघीय र प्रदेश संचितकोष फिर्ता गरेको देखियो । आर्थिक वर्षको अन्त्यमा नै यस्तो बाँकी रकम फिर्ता गर्ने कार्यलाई कार्यालयले निरन्तरता दिनु पर्दछ ।	
११			**कर्मचारी व्यवस्थाः** निजामति सेवा ऐन, २०४९ बमोजिम कर्मचारी पदपुर्ति व्यवस्थापन गर्नुपर्दछ । गाँउपालिकाबाट प्राप्त विवरण अनुसार विभन्न पद र श्रेणीका गरी ६५ जनाको दरबन्दी स्वीकृत भएकोमा २१ पूर्ति भएको देखियो । दरबन्दी भित्र विभिन्न बाँकी रहेका पदमा करारमा कर्मचारी राखी कार्य सञ्चालन गरि रहेको अवस्था छ । निजामति सेवा ऐन तथा नियमावली अनुसार कर्मचारीको नियुक्ती र पदपुर्ति हुनु पर्दछ ।	
१२			**तलबी प्रतिवेदनः** गाउँपालिकाले कार्यरत कर्मचारीहरुको तलब भत्ता निकासा गर्दा पारित तलबी प्रतिवेदनका आधारमा भुक्तानी दिनु पर्दछ । यस गाउँपालिकामा कार्यरत कर्मचारीहरुको तलबी प्रतिवेदन गाउँ सभाले पारित गरेको छ । कर्मचारी तलब भत्ता वापत यस वर्ष पालिकाले रु २ करोड ५० लाख ८० हजार निकासा गरेकोमा स्थानीय स्रोतबाट तलब भत्ता भुक्तानी गरिने कर्मचारीको तलबी प्रतिवेदन सभाबाट पारित भएको छ। पालिकामा कार्यरत कर्मचारीहरुको तलबी प्रतिवेदन पारित गरि सोहि अनुसार तलब भत्ता भुक्तानी गर्ने कार्यमा निरन्तरता दिनु पर्दछ ।	
१३			**न्यायिक समितिः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रिया सम्बन्धि व्यवस्था छ । न्यायिक समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवाद दर्ता एवं फछ्र्यौट विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी नरहेकोमा यस बर्ष विभिन्न विषयका ८ वटा विवाद दर्ता भएकोमा ३ वटा फछ्र्यौट भईसकेको, ३ वटा	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			अदालत पठाईएको र २ वटा फस्र्यौट गर्न बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।	
१४			**दाखिला हुनु पर्ने दायित्वः** ✂ .... **(प्रारम्भिक प्रतिवेदन उपर असूल भई पेश भएको आधारमा मिति २०७९-१२-१९ को निर्णयबाट रु. २४,२८५।- सम्परीक्षण गरिएको ।)**	०
१५			**आन्तरिक राजश्वः**	
१५.१			**बिभाज्य कोषः** ✂ .... **(प्रारम्भिक प्रतिवेदन उपर असूल भई पेश भएको आधारमा मिति २०७९-१२-१९ को निर्णयबाट रु.५,२१,३१६।- सम्परीक्षण गरिएको ।)**	०
१५.२			**रकम ढिला दाखिला गर्ने -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७७ को दफा २७(१) बमोजिम प्रचलित कानून बमोजिम सरकारलाई प्राप्त हुने राजस्व रकम कार्यालयमा प्राप्त भएपछि सोही दिन र सोही दिन सम्भव नभए सोको भोलिपल्ट जिम्मेवार व्यक्तिले राजस्वको लेखा राखी बैङ्क दाखिला गर्नु पर्ने व्यवस्था छ । यस पालिका स्थानीय तह अन्तरगत गोलिया निकासा वापत प्राप्त रकम, पशु शाखाबाट AI बापत प्राप्त रकम र स्वास्थ्य परीक्षण वापत प्राप्त गरेको कतिपय रकम मासिक रुपमा र कतिपयले वर्षमा २/३ पल्ट मात्र दाखिला गर्ने गरेकोले समयमै दाखिला गर्ने तर्फ सम्बन्धित पक्षको ध्यान जानु पर्दछ ।	
१५.३			**व्यवसाय कर -** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा गाउँपालीकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनूपर्ने व्यवस्था रहेको छ । तर गाउँपालिकाले व्यवसाय कर उठाएको पाइएन । गाँउपालिका क्षेत्र भित्रका व्यवसायको अभिलेख राखि करको दायराभित्र ल्याउनु पर्दछ।	
१५.४			**मनोरञ्जन कर -** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ बमोजिम सिनेमा, भिडियो हल, सांस्कृतिक प्रदर्शन हल, संगीत, थियटर मनोरञ्जन प्रदर्शन स्थल, ऐतिहासिक स्थलको प्रवेश शुल्कमा कर लिनूपर्ने व्यवस्था छ । आर्थिक वर्ष २०७८।७९ मा गाउँपालिकाले यस्ता प्रकारका कूनैपनि कर संकलन गरेको पाईएन । यस गाँउपालीकाको क्षेत्रभित्रबाट उठ्नु पर्ने मनोरञ्जन कर एकिन गरि असुल गर्नुपर्दछ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१६			**मसलन्द खरिदः** कार्यालयले एक आर्थिक वर्षमा गरिने खरिद कार्यको खरिद गुरु योजना बनाई सो अनुसार नै खरिद गर्ने र भुक्तानी गर्ने गर्नु पर्दछ । गाउँपालिकाले मसलन्द खरिका लागि रु ४२ लाख विनियोजन गरेकोमा विभिन्न मितिमा विभिन्न फर्महरुसँग पटक पटक गरी रु ४१ लाख २० हजार ५ सयको सोझै तथा दर्तावाला फर्महरुसँग शिलबन्दी माग गरि खरिद गरेको पाईयो । कार्यालयलाई आवश्यक सामाग्रीहरुको सूरुमै लागत अनुमान बनाई बोलपत्र विधिबाट खरिद गर्न सकिनेमा समेत टुक्रा टुक्रा पारी विभिन्न फर्महरुसँग खरिद गरेको पाईयो । पालिकाले यसरी गरिने खिरदमा निरन्त्रण गरि वोलपत्र तथा बन्द शिलबन्दी बिधिबाट खरिद गर्ने तर्फ ध्यान दिनु पर्दछ ।	
१७			**शिक्षा तर्फः** यस गाउँपालिकाको शिक्षा सँग सम्बन्धित व्यहोराहरु देहाय अनुसार रहेका छन	
१७.१			राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत पढ्दै कमाउदै कार्यका लागि श्री थर्पु मा.वी. मा कार्यक्रम कार्यान्वयन कार्यविधी २०७६ तथा पढ्दै कमाउदै कार्यक्रम संचालन कार्यविधी, २०७८ अनुसार २०७९ आषाढ ७ मा गाउँपालिका र विद्यालय बिच रु १० लाखको सम्झौता भएको पाईयो । सम्झौताको बुदा नम्बर ७ मा सम्झौता अनुसारको ५० प्रतिशत रकम तत्काल निकासा दिई बाँकी रहेको ५० प्रतिशत रकम दोस्रो पक्षले प्रतिवेदन पेश गरे पश्चात भुक्तानी गर्ने उल्लेख छ । गाउँपालिकाले मिति २०७९ को आषाढ मसान्त सम्म कार्य सम्पन्न गर्ने गरि सम्झौता गरेकोमा मिति २०७९।०३।०८ मा सम्झौता अनुसारको ५० प्रतिशतले हुने रकम रु ५ लाख र मिति २०७९।०३।२४ मा बाँकी ५० प्रतिशतले हुने रकम रु ५ लाख गरि सम्पुर्ण १० लाख रकम भुक्तानी गरेको पाईयो । सम्झौतामा कार्य प्रगतिका आधारमा कार्य सम्पन्न भए पश्चात भुक्तानी दिने उल्लेख भएकोमा लेखापरीक्षण अवधीमा कार्य सम्पन्न भएको प्रतिवेदन पेश भएको छ ।	
१७.२			**बढि निकासा** .... **(प्रारम्भिक प्रतिवेदन उपर असूल भई पेश भएको आधारमा मिति २०७९-१२-१९ को निर्णयबाट रु.** ३२,५२६।- **सम्परीक्षण गरिएको ।)**	०
१७.३			शिक्षक दरबन्दी (मिलान तथा व्यवस्थापन) कार्यविधी, २०७६ को दफा ३(च) मा दरबन्दी मिलान र पुनर्वितरण गर्दा सामाजिक न्याय, समानुपातिक वितरण, भौगोलिक विषमतालाई ध्यान दिदैं गुणस्तरीय शिक्षा प्रवद्धनमा जोड दिन विद्यालयमा बढी भएको शिक्षक दरबन्द स्थानीय तहमा, स्थानीय तहमा बढी भएको दरबन्दी जिल्लमा, जिल्लामा बढी रहेको दरबन्दी प्रदेशमा र प्रदेशमा बढी भएको	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			दरबन्दी केन्द्रमा पुलमा राखी शिक्षक दरबन्दी कम भएका विद्यालय, स्थानीय तह र प्रदेशमा मिलान तथा पुनर्वितरण गर्नु पर्ने व्यवस्था छ । गाउँकार्यपालिकाको मिति २०७६।०५।२४ को निर्णय र सो भन्दा पछाडी विभिन्न मितिमा गरेको निर्णय बमोजिम गाउँपालिका अन्तर्गतका विभिन्न ६ वटा विद्यालयहरुमा शुन्य दरबन्दी कायम गरी अन्य विद्यालयहरुमा शिक्षक मिलान गरेको देखियो । पालिकाले विद्यालयको दरबन्दी शुन्य बनाई वालविकास केन्द्रमा कार्यरत कर्मचारीको तलब भत्ता समेत अन्य विद्यालयमा निकासा दिने गरेको पाईयो । यसरी शुन्य दरवन्दी कायम गरिएका देहायका विद्यालयहरुमा विद्यालयमा विद्यार्थिको संख्या एकिन गरि दरवन्दी अनुसारको शिक्षक अन्य विद्यालयबाट पुनः सोहि विद्यालयमा दरबन्दी कायमगर्नु पर्दछ अन्यथा विद्यालय समेत मिलान गर्ने तर्फ कार्यालयको ध्यान जानु पर्द छ ।	

क्र. सं.	विद्यालयको नाम	दरबन्दी संख्या	हाल कायम दरबन्दी
१	श्री जनचेतना आ.वी. खर्कगाउँ	१	०
२	सिद्धेश्वर आ.वी. नामेक	०	० (धार्मीक अनुदान)
३	श्री कृष्ण आ.वी. चिङ्मा	१	०
४	श्री चोलुङ्ग आ.वी. कालोपानी	१	०
५	श्री पाथिभारा आ.वी. अर्चलो	२	०
६	श्री महाकाली आ.वी. पेरुङ्गे	१	०

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१७.४			गाउँपालिकाले आफ्नो क्षेत्र भित्र रहेका विद्यालयहरुमा कार्यरत शिक्षकहरुको तलब भत्ता निकासा गर्दा शिक्षक किताबखानाबाट पारित तलबी प्रतिवेदनका आधारमा भुक्तानी दिनु पर्द छ । यस गाउँपालिका भित्र ४३ वटा विद्यालयहरु रहेकोमा यस वर्ष सो विद्यालयहरुमा कार्यरत शिक्षकहरुको तलबी प्रतिवेदन पारित भएको देखिएन । शिक्षकको तलब भत्ता वापत यस वर्ष पालिकाले रु १० करोड २८ लाख ९० हजार निकासा गरेकोमा पारित तलबी प्रतिवेदन नभएका कारण कार्यरत शिक्षकको ग्रेड के कति भुक्तानी हुनु पर्ने थियो र के कति भुक्तानी भएको थियो सो सम्बन्धमा एकिन हुन सकिएन । साथै गाउँकार्यपालिको विभिन्न मितिमा भएको निर्णय अनुसार विभिन्न विद्यायमा कार्यरत शिक्षकको दरबन्दी अन्य विद्यालयमा कायम गरेको कारण कुन विद्यालयमा के कति	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			शिक्षकको दरबन्दी कायम रहेको छ भन्ने सम्बन्धमा समेत एकिन हुन सकिएन । पालिकाले शीक्षकको दरबन्दी मिलान गरेको निर्णय र सो दरबन्दी अनुसार कायम दरबन्दीको अभिलेख स्पष्ट हुने गरि रखु पर्दछ ।	
१८			**निःशुल्क पाठ्य पुस्तकः** कार्यक्रम कार्यान्वयन पुस्तिकाको क्रियाकलाप नम्बर २.४.६.१ अनुसार प्रति विद्यार्थी लागतका आधारमा कक्षा १ देखी १२ सम्मका विद्यार्थका लागी निःशुल्क पाठ्य पुस्तक अनुदान दिने व्यवस्था अनुसार गाउँपालिकाले यस वर्ष र शैक्षिक वर्ष २०७९ को भर्ना समेतको आधारमा कुल ३७ वटा विद्यालयमा जम्मा रु २२ लाख ३५ हजार बराबरको अनुदान रकम भुक्तानी गरेको पाइयो ।	
१९			**दिवा खाजाः** नेपाल सरकारले सामुदायीक विद्यालयमा अध्ययनरत वालविकास देखि ५ कक्षा सम्मका विद्यार्थीलाई दिवा खाजा खुवाउने व्यस्था गरे वमोजिम गाउँपालिकाले यस आर्थिक वर्षमा विभिन्न मितिमा तीन पटक गरि कुल ३८ लाख ६५ हजार दिवा खाजा वापत गाउँपालिका अन्तर्गतका विद्यालयलाई भुक्तानी गरेको देखियो ।	
२०			**पेश्की बाँकीः** आर्थिक कार्याविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५२ वमोजिम मोविलाइजेशन पेश्की वापत आयोजनाले देहायको निर्माण व्यवसायीलाई रु २१३४५०००।०० उपलव्ध गराएकोमा म्याद बाँकी रहेको निम्नानुसारको पेश्की आर्थिक कार्यीबिधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ बमोजिम फछ्र्यौट हुनुपर्दछ ।	

सि.नं.	फमको नाम	पेश्कीको उद्धेश्य	रकम
१	हिमतारा पुर्वाधार विकास कम्पनी प्रा.लि.	नमुना विद्यालय तथा ल्याव निर्माण	३८९१०००
२	हिमतारा पुर्वाधार विकास कम्पनी प्रा.लि.	नमुना विद्यालय तथा ल्याव निर्माण	३८९१०००
३	सि.एस.जोशी आंशु जे.भी.	निसान कालिका धाम तथा संरक्षण	५००००००

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			४ | सि.एस.जोशी आंशु जे.भी. | निसान कालिका धाम तथा संरक्षण | ६३०८००० ५ | एस.एस कन्सट्रक्सन प्रा.ली. | मल्टि प्रपोज कवर्डहल निर्माण | २२५०००० **जम्मा** | **२१३४००००**	
२१			**पदाधिकारी सुविधाः** पदाधिकारी सुविधाः प्रदेश नं १ को प्रदेश सभाबाट पारित गाउँसभा, नगरसभा, र जिल्ला समन्वय समितिका सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७६ को दफा ३ अनुसार गाउँपालिका पदाधिकारी र सदस्यले आफू निर्वाचित भई पदभार ग्रहण गरेको मितिदेखि स्थानीय तहको आन्तरिक स्रोत समेतको आधारमा अनुसूची बमोजिमको रकममा नबढ्ने गरी यस ऐनमा उल्लेख भएको सुविधा पाउने व्यवस्था छ । पालिकाले त्यस्तो सुविधा रु. ४८३५६४८.०० खर्च लेखेको पाइयो । यसरी पालिकाले पदाधिकारीलाई सुविधा भुक्तानी गर्दा स्थानीय तहको आन्तरीक स्रोतको आधारमा मात्र अनुसूची बमोजिमको रकम सुविधा प्रदान गर्नुपर्दछ ।	
२२			**विद्यालय भवन (तीन तले) निर्माणः** थर्पुमा तीन तले विद्यालय (शैक्षिक) भवन निर्माणका लागि श्री हिमतारा पूर्वाधार विकास कम्पनी प्रा. लि., सुनसरीसँग २०८२/३/१ भित्र कार्य सम्पन्न गर्ने गरी मूल्य अभिवृद्धि करसमेत ठेक्का रकम रु. ४,४३,४०,०५५.५२ मा सम्झौता गरेको छ । सो ठेक्कामा मोबिलाईजेशन पेश्की रु. ७७८२०००.०० खर्च लेखेको छ । सो ठेक्का सम्बन्धी देखिएका बेहोरा निम्नानुसार छन् ।	
२२.१			**पेश्की रकम-** **........... (प्रारम्भिक प्रतिवेदन उपर पेश्की फछ्यौंट भई पेश भएको आधारमा मिति २०७९-१२-१९ को निर्णयबाट रु. ३८,९०,४०३।- सम्परीक्षण गरिएको ।**	०
२२.२			**कार्य सम्पादन जमानत-** **........... (प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०७९-१२-१९ को निर्णयबाट रु.** १३३०२०१.६६ **सम्परीक्षण गरिएको ।**	०

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
२२.३			**योजनाको कन्टिन्जेन्सी खर्चः** पुँजीगत निर्माण कार्यसँग प्रत्यक्ष रूपले सम्बन्धित कार्य आवश्यक पर्दा कन्टिन्जेन्सी रकमको सीमा भित्र रही खर्च लेख्नुपर्दछ । विद्यालय भवन निर्माणसँग असम्बन्धित कार्यमा भौचर नं. ८२/२०७९-३-२५ बाट रु. ६९,९५०.०० र भौचर नं. ८१/ २०७९-३ २५ बाट रु. ६८,०००.०० खर्च गरेको छ ।निर्माण कार्यसँग असम्बन्धित स्वास्थ्यसँग सम्बन्धित कर्मचारीका दैनिक तथा भ्रमण खर्च, होटल खर्च, गाडी भाडा तथा अन्यमा गरेको खर्च मनासिब देखिएन । सो सम्बन्धमा स्पष्ट गरी अमिल्दो प्रयोजनका लागि खर्च गर्ने कार्य बन्द गर्नुपर्दछ ।	
२२.४			**मोविलाईजेसन पेश्कीको उपयोगः** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५२क (३) अनुसार पेश्की रकम सम्झौता भएको कार्यको लागि छुट्टै खोलिएको बैंक खाता मार्फत मात्र भुक्तानी हुने र दफा ५२क (५) अनुसार पेश्की रकम कुन प्रयोजनमा खर्च भएको हो सोको विवरण अद्यावधिक गरी निर्माण व्यवसायीले कार्यालयलाई उपलब्ध गराउनुपर्ने व्यवस्थाको पालना भएको छैन । कार्यालयले बाँकी पेश्की रु. ७७८२०००.०० को हकमा सो व्यवस्थाको पालना गरी पेश्की अन्यत्र प्रयोग गरेको भए सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३ (६) अनुसार ब्याजसमेत लगाई पेश्की फर्छ्यौट गर्नुपर्दछ ।	
२३			**निर्माण व्यवसायीको योग्यता परीक्षणः** ठेकदारको योग्यता मूल्यांकन- बिड डकुमेन्टको Evaluation and Qualification Criteria मा उल्लिखित वित्तीय टर्नओभर र कार्य अनुभवको सन्दर्भमा संयुक्त उपक्रममा रहेका साझेदारको हिस्साका आधारमा कार्य अनुभव र वित्तीय कारोबारलाई अनुपातिक हिसाबले मूल्यांकन गर्नुपर्नेमा साबिकको कुनै उपक्रमको एक साझेदारलाई संयुक्त उपक्रमकै कारोबार र कार्य अनुभवलाई नै नयाँ उपक्रममा अन्यसँग साझेदारी गर्दा पनि मूल्यांकन गर्नाले यथार्थ मूल्यांकन गर्ने गरेको पाइएन । यसले गर्दा बिड डकुमेन्ट अनुसार वित्तीय कारोबार र कार्य अनुभवमा योग्य नहुने स्थितीमा पनि वित्तीय प्रस्तावका लागि योग्य ठहर हुने हुँदा मूल्यांकन यथार्थपरक गर्नुपर्दछ ।	
२४			**संयुक्त उपक्रम (ज्वाइन्ट भेन्चर)** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम २८ (७क) बमोजिम निर्माण कार्यमा संयुक्त उपक्रम (ज्वाइन्ट भेन्चर) बाट कार्य सम्पन्न गर्ने गरी बोलपत्र प्रक्रियामा समावेश भई ठेक्का प्राप्त गरेको अवस्थामा संयुक्त उपक्रमका सबै सदस्यले दायित्व बहन गरी सम्झौता अनुसार निर्माण कार्य सम्पन्न गर्नुपर्ने र त्यस्तो कार्यको जिम्मेवारी संयुक्त उपक्रमका कुनै एक सदस्य वा सीमित सदस्य वा	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			अन्य कसैलाई हस्तान्तरण गर्न नपाइने व्यवस्था छ । संयुक्त उपक्रमले कसैलाई कार्यको अख्तियारी दिएको देखाई कुनै एक पक्ष मात्र निर्माण कार्यमा सहभागी रहने गरेको स्थिति छ । कार्यालयबाट निर्माणाधीन रहेका निर्माण कार्यको ठेक्का संयुक्त उपक्रमका सबै सहभागी पक्षहरू निर्माण कार्यमा संलग्न नहुने, निर्माण स्थलमा उपस्थित नहुने, निर्माण कार्यको नापी किताबमा हस्ताक्षर नगर्ने अवस्था रहेको छ । प्रशासकीय भवन पूर्वाधार विकास कार्यक्रम अन्तर्गत गाँउपालिकाको कार्यालय भवनका निर्माण व्यवसायी खानी एपेक्स मिशन जे. भी.ले संयुक्त उपक्रमका कुनै साझेदारलाई अख्तियारी नदिई संयुक्त उपक्रमसँग असम्बन्धित प्रशासनिक कार्यको प्रयोजनका लागि मात्र दिन मिल्ने र निर्माण कार्यको जिम्मेवारीको हकमा नियमावलीको नियम २८(७क) बमोजिम हस्तान्तरण गर्न मिल्दैन । कार्यालयले ठेक्कामा प्रतिष्पर्धी हुन तोकेको कार्य अनुभव, वित्तीय कारोबार, ठेक क्षमतामा योग्य ठहरिएका संयुक्त उपक्रमको वित्तीय प्रस्तावको मूल्यांकन गरिने हुँदा ठेक्का सम्झौता पश्चात संयुक्त उपक्रमका कुनै एक पक्ष मात्र निर्माण कार्यमा सहभागी हुने गरेको कारण निर्माण कार्यका लागि योग्य हुन तोकिएको क्षमता, अनुभव र तिनको संलग्नता पर्याप्त अवधि नरहनाले निर्माण कार्य समयमा संचालन नहुने र गुणस्तरमा आँच आइरहेको अवस्था छ । संयुक्त उपक्रमका निर्माण कार्यको जिम्मेवारी हस्तान्तरण गर्न नमिल्ने हुँदा संयुक्त उपक्रमका सबै पक्षको निर्माण कार्यमा अनिवार्य सहभागिता र निर्माण कार्यको नापी परिमाणमा सबै पक्षको हस्ताक्षर बेगर ठेक्का रकम भुक्तानी नदिने व्यवस्था गर्नुपर्दछ।	
२५			**गाउँपालिकाको कार्यालय भवनः** थर्पुमा गाँउपालिकाको कार्यालय भवन निर्माणका लागि श्री महादेव खिम्ती अन्जना हिमतारा जे. भी. सँग २०८०/२/३० भित्र कार्य सम्पन्न गर्ने गरी मूल्य अभिवृद्धि करसमेत रकम रु. ५,९१,४३,०५६.७४ को ठेक्का मिति २०७७-२-२९ मा सम्झौता गरेको छ । सो ठेक्का सम्बन्धी देखिएका बेहोरा निम्नानुसार छन् ।	
२५.१			**मूल्य वृद्धि -** **........... (प्रारम्भिक प्रतिवेदन उपर असूल भई पेश भएको आधारमा मिति २०७९-१२-१९ को निर्णयबाट रु. ७९१००० सम्परीक्षण गरिएको ।**	०
२५.२			**पेश्की फर्छ्यौट-** **........... (प्रारम्भिक प्रतिवेदन उपर असूल भई पेश भएको आधारमा मिति २०७९-१२-१९ को निर्णयबाट रु. १३२६०२ सम्परीक्षण गरिएको ।**	०

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
२५.३			**कार्य सम्पादन जमानत-** .... **(प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०७९-१२-१९ को निर्णयबाट रु. १७,७४,२९१.७० सम्परीक्षण गरिएको ।**	०
२५.४			**बीमा नगरेको:-** .... **(प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०७९-१२-१९ को निर्णयबाट रु.५००००० सम्परीक्षण गरिएको ।**	०
२६			**निशान कालिकाधाम तथा याङवरक पोखरी संरक्षण योजनाः** थर्पुमा निशान कालिकाधाम तथा याङवरक पोखरी संरक्षण र निर्माणका लागि श्री सि एम जोशी अंशु जे. भी. सँग २०८१/६/१ भित्र कार्य सम्पन्न गर्ने गरी मूल्य अभिवृद्धि करसमेत रकम रु. ६,४४,२५०९२।४८ को ठेक्का मिति २०७८-५-२४ मा सम्झौता गरेको छ । सो योजनाको ठेक्काका सम्बन्धमा देखिएका बेहोरा निम्न छन् ।	
२६.१			**ठेक्का मुल्यांकन-** .... **(प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०७९-१२-१९ को निर्णयबाट रु. १,१३,०८,०००.०० सम्परीक्षण गरिएको ।**	०
२६.२			**सम्झौताका शर्तको पालना नभएकोः** स्वीकृत डिजाइन अनुसार निर्माण कार्य गरेपछि मात्र सोको नापजाँच गरी कबोल सर अनुसार भुक्तानी गर्नुपर्दछ । डिजाइन अनुसार ३ मीटरको गहिराईमा जग खन्नुपर्नेमा २.०७ मीटर खनेको अवस्थामा पनि आषाढ २० गते प्रथम रनिङ्ग बिल बनाई सशर्त चालुतर्फ भौ. नं. १५७ र गा.पा. पुँजीगतबाट भौ. नं. २१८ बाट गरी रु. ४३,९८,९२०.०० भुक्तानी गरेको छ । डिजाईन अनुसार बि. ओ. क्यू. को आइटममा तोकेको स्पेसिफिकेशन अनुसार कार्य नगरी अपुरो गरेको अवस्थामा पनि बजेट फ्रिज नगराउने र निर्माण व्यवसायीले लिएको पेश्की कट्टा नहुने अवस्था सृजना गरी (कार्यको ४० प्रतिशत देखि कट्टा हुने) निर्माण कार्यको नाँपजाच गरी भुक्तानी दिन नमिल्ने हुँदा यस्तो कार्य गर्न बन्द गर्नुपर्दछ ।	
२६.३			**मोविलाईजेसन पेश्कीको उपयोगः** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५२क (३) अनुसार पेश्की रकम सम्झौता भएको कार्यको लागि छुट्टै खोलिएको बैंक खाता मार्फत मात्र भुक्तानी हुने र दफा ५२क (५) अनुसार पेश्की रकम कुन प्रयोजनमा खर्च भएको हो	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			सोको विवरण अद्यावधिक गरी सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३ (२) बमोजिम बैंकको खाता र खर्चको रयोजन खुल्ने मासिक विवरण निर्माण व्यवसायीले कार्यालयलाई उपलब्ध गराउनुपर्ने व्यवस्थाको पालना भएको छैन । कार्यालयले बाँकी पेश्की रु. १,१३,०८०००.००को हकमा सो व्यवस्थाको पालना गरी पेश्की अन्यत्र प्रयोग गरेको भए सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३ (६) अनुसार ब्याजसमेत लगाई पेश्की फर्छ्यौट गर्नुपर्दछ ।	
२६.४			**प्रतिष्पर्धामा संकुचन-** सार्वजनिक खरिद ऐन, २०६३ को प्रस्तावनामा खरिद प्रक्रियामा प्रतिष्पर्धा, स्वच्छता, जवाफदेहिता र विश्वसनीयता प्रबर्द्दन गरी मितव्ययी तथा विवेकपूर्ण ढङ्गबाट सार्वजनिक खरिद गर्नुपर्ने उल्लेख छ । सो ऐनको दफा ९ अनुसार योग्य बोलपत्रदातालाई बिना भेदभाव समान अवसर प्रदान गर्नुपर्ने व्यवस्था गरेको छ । निर्माण कार्यको प्राबिधिक जटिलता र निर्माण कार्यका लागि नभई नहुने अनुभवबमोजिम Contract of Similar Size and Nature र Construction Experiences in Key Activities मा शर्त राख्नुपर्ने तर प्राबिधिक जटिलता नरहेकोमा प्रतिष्पर्धा संकुचित नहुने गरी आवश्यकतानुसार शर्त राख्नुपर्दछ । कार्यालयले “One beautification and renovation of pond and temple in single project with a value of NRs. 4,70,00,000.00” शर्त राखेको पाइयो । नेपालमा सो रकम अनुसारको सार्वजनिक पोखरी र सोमा मन्दिरसमेतको कार्य भएको मात्रा पर्याप्त नरहेको तथा पोखरी खन्ने , किनारमा ब्रेस्ट वाल निर्माण गर्ने र मन्दिरको जीर्णोद्धार (पुरातात्विक नरहेको) जस्तो प्राबिधिक जटिलता पनि नरहेको अवस्थामा “एकै योजनामा मन्दिर र पोखरीको कार्य गरेको” भनि शर्त राख्नाले सो कार्य गर्न सक्षम बोलपत्रदाता रहेपनि प्रतिष्पर्धालाई सीमित पारेको देखियो । यसले गर्दा ३ बोलपत्रदाता मात्र सहभागी भएको र सो मध्ये २ ज्वाईन्ट भेन्चरहरू मध्ये ३.१८ प्रतिशत घटी कबोल गर्ने सि एम जोशी अंशु जे. भी. सँग मू. अ. कर समेत रु. ६,४४,२५,०९२.४८ मा सम्झौता गरेको छ ।एकै पोखरी र सोमा मन्दिर पनि निर्माण गरेको कार्य अनुभव खोजिए अनुरूप जनशक्ति र यान्त्रिक उपकरण पनि आवश्यक हुनुपर्नेमा जनशक्तितर्फ समानकार्यमा २ वर्षको अनुभव रहेको प्रोजेक्ट म्यानेजर-१,सीभिल ईन्जिनियर-१ र सब ईन्जिनियर-२ जना र उपकरणतर्फ एक्साभेटर-१, ट्रिपर-१, भाइब्रेटर-२ र मिक्सचर-२ राखेको छ। जनशक्ति र मेशिनरीको आवश्यकतालाई हेर्दा निर्माण कार्य जटिल रहेको पुष्टी हुँदैन । कार्यालयबाट प्रतिष्पर्धा संकुचन नभएका अन्य ठेक्कामा लागत अनुमान भन्दा १५ देखि ४१ प्रतिशतसम्म घटीमा ठेक्का संचालन भईरहेकोमा यस ठेक्कामा प्रतिष्पर्धालाई सीमित गर्नाले खरिद कार्य मितव्ययी, विवेकपूर्ण र जवाफदेहीपूर्ण रहेको पाइएन ।	
२६.५			**पेश्की रकम-** ठेक्का सम्झौताको शर्तको पालना गरी ठेक्का कार्यान्वयन गर्नुपर्दछ । ठेक्काको विशेष शर्त अनुसार २० प्रतिशतसम्म मोबिलाइजेशन पेश्की दुई किस्तामा दिन मिल्ने र दोस्रो किस्ताको पेश्की दिँदा सम्झौता रकमको कम्तीमा ५ प्रतिशत कार्य भएको मूल्यांकन गरे पश्चात दिनुपर्ने व्यवस्था छ । संयुक्त उपक्रमलाई दोस्रो किस्ताको पेश्की दिँदा निर्माण कार्यको नापजाँच नगरी केवल	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			खन्ने कार्य शुरू भएको, ह्युम पाइप साइटमा राखेको, लेबर क्याम्प राखेको जस्ता कारण देखाई भौचर नं. ४९/२०७८-९-२३ (सशर्त चालु) बाट दोस्रो किस्तामा पेश्की रु. ५६,५४,००.०० निकासा गरेको पाइयो । यो वर्ष पेश्की रकम फर्छ्यौट नभएको र सम्झौताको शर्त विपरीत निर्माण कार्यको मूल्यांकन नगरी दोस्रो किस्ता पेश्की निकासा गरेको नियमित देखिएन ।	
२७			**मल्टिपर्पोज कभर्ड हल निर्माणः** थर्पुमा मल्टिपर्पोज कभर्ड हल निर्माणका लागि श्री एस ए एस कन्सट्रक्शन प्रा. लि., मोरङ्गसँग २०८०/९/१५ भित्र कार्य सम्पन्न गर्ने गरी मूल्य अभिवृद्धि करसमेत रकम रु. ३,८४,६४,९७५.८४ को ठेक्का मिति २०७८-९-१२ गते सम्झौता गरेको छ ।यो वर्ष पेश्की समेत बजेट खर्च रु. ९१,१०,०७१.०० भएको छ । लेखापरीक्षण अवधिमा स्थलगत निरीक्षण गर्दा साइटमा कार्य संचालन नभइरहेको पाइयो । साईटमा गत वर्ष निर्माण गरेको ब्रेस्ट वाल र केही डण्डी रहको पाइयो । निर्माण व्यवसायीले पेश गरेको कार्यतालिका बमोजिम स्वीकृत डिजाइन र स्पेसिकेशन अनुसार समयमा काम सम्पन्न गर्न गराउन कार्यालयले तदारूकता अपनाउनुपर्दछ ।	
२८			**विद्यालय कक्षा कोठा निर्माण कार्यक्रम (संघीय सरकारबाट हस्तान्तरित)**	
२८.१			**टोल विकास संस्था-** गाँउपालिकाले १० लाखसम्मको कार्य टोल विकास संस्था मार्फत विभिन्न कार्य गराएको छ । सो संस्था उपभोक्ता नै रहेको हुँदा उपभोक्ता समितिले कार्य गर्दा निर्माण व्यवसायीको प्रयोग गर्न मिल्दैन । तर टोल कास संस्थाले कार्य गराउँदा निर्माण व्यवसायी मार्फ कार्य गराउने गरेको र सो गराउँदा प्रतिष्पर्धाका आधारमा सर कायम नगरी लागत अनुमानबमोजिम नै खर्च दाबी गर्ने गरेको हुँदा खर्च मितव्ययी हुने पनि देखिइन । सार्वजनिक खरिद ऐन र नियमावलीमा भएको प्रावधान अनुसार मात्र उपभोक्ता समिति मार्फत कार्य गराउनुपर्दछ ।	
२८.२			**विद्यालय कक्षा कोठा निर्माण-** **.......... (प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०७९-१२-१९ को निर्णयबाट रु. ३६,००,०००.०० सम्परीक्षण गरिएको ।**	०
२८.३			**कर कट्टि नगरेकोः**	०

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			.... **(प्रारम्भिक प्रतिवेदन उपर असूल भई पेश भएको आधारमा मिति २०७९-१२-१९ को निर्णयबाट रु.५८३८० सम्परीक्षण गरिएको ।**	
२९			**अध्यक्ष उपाध्यक्ष बाँटफाँड हुने पुँजीगत कोष-** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा... अणुसार बजेट तर्जुमा गर्नुपर्दछ । बजेट पारित गर्दा स्वीकृत नीति तथा कार्यक्रम अनुसार लागत प्रभावी योजनाको छनौट गरी बजेटको व्यवस्था गर्नुपर्दछ । गाउँपालिकाले आकस्मिक कार्य गर्ने प्रयोजनाका लागि भैपरी आउने शीर्षकमा बजेट विनियोजन गरिसकेपछि योजनाको पहिचान बेगर नै अध्यक्ष उपाध्यक्षबाट बाँटफाँड हुने पुँजीगत कोष शीर्षकमा बजेट रु. ८१,३१,७९२.०० राखी विभिन्न ३८ कार्यक्रममा रु. ७३,२४,७५४.०० खर्च गरेको विवरणबाट देखिन्छ ।नीति तथा प्राथमिकता अनुसार योजना वा कार्यक्रम निर्धारण नगरी नै अध्यक्ष उपाध्यक्ष शीर्षकमा बाँटफाड हुने गरी बजेट विनियोजन गर्न मनासिब नहुने हुँदा योजना वा कार्क्रमको पहिचान बेगर बजेट विनियोजन गर्ने कार्य बन्द गर्नुपर्दछ ।	
३०			**कन्टिन्जेन्सी खर्च-** निर्माण कार्यसँग सम्बन्धीत वर्क चार्ज स्टाफ खर्च तथा सानातिना अन्य खर्चका लागि लागत अनुमानको बढीमा ४ प्रतिशतसम्म कन्टिन्जेन्सी रकम राखी खर्च लेख्नुपर्नेमा कार्यायले सिँचाई योजना, खानेपानी योजना लगायत निर्माण कार्यसँग सम्बन्धित योजनाबाट कन्टिन्जेन्सी रकम आन्तरिक श्रोत तर्फ ट्रान्सफर गरी खर्च गर्ने गरेको छ । यसबाट योजनासँग सम्बन्धित कार्यमा खर्च गरेनगरेको यकिन गर्न नसकिएको र योजनागत कन्टिन्जेन्सी खर्च रकमको अभिलेखसमेत नराख्नाले यथार्थमा कन्टिन्जेन्सी रकमबाट के कति खर्च भयो भनि विश्लेषण गर्न सकिएन । कन्टिन्जेन्सी रकमबाट सम्बन्धित निर्माण कार्यसँग सम्बन्धित वर्कचार्ज वा सानातिना अन्य कार्यमा खर्च गर्न मिल्ने हुँदा सोसँग बेमेल हुने गरी कन्टिन्जेन्सी रकम खर्च गर्न बन्द गर्नुपर्ने र कन्टिन्जेन्सी खर्च रकमको योजनागत अभिलेख राख्नुपर्दछ ।	
३१			**सिम्ले निगाले इम्बुङधारा कामीटार याङसिवुङ्ग वृहत खानेपानी योजनाः** .... **(प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०७९-१२-१९ को निर्णयबाट रु.**३,०४,९६८.४७ **सम्परीक्षण गरिएको ।**	०

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
३२			**केराबारी लुम्बु थोक्ले खानेपानी योजनाः**	
३२.१			**गाँउपालिकाको संचितकोषमा थप व्ययभारः** संघीय विशेष अनुदानबाट संचालित खानेपानी योजना गत वर्ष २०७८ जेट ३० भित्र कार्य सम्पन्न गर्नुपर्नेमा पपैया कन्स्ट्रक्शनले यो वर्ष सम्पन्न गर्नाले गाँउपालिकाको स्रोतमा (गा.पा. भैपरी आउने पुँजीगत कोष) रु. १०,८३,८५९.६० भार परेको छ । म्याद थप २०७८ -४-३१ सम्म गरेबमोजिम कार्य सम्पन्न गरेको देखाएपनि सोको नापी २०७८-०६-०३ मा मात्र गरेको देखिदा करिब १ महिना पश्चात मात्र नापी हुनाले म्याद थप कै अवधि भित्र कार्य सम्पन्न गरेको आधार पुष्टि हुँदैन । कार्यालयले तोकिएको समयमा नै कार्य सम्पन्न गर्ने गरी ठेक्का व्यवस्थापन गर्नुपर्ने र उपलब्ध श्रोतको निर्धारित समयमा उपयोग गर्नुपर्दछ ।	
३२.२			**सम्झौताका शर्तको कार्यान्वयनः** ठेक्का कागजातको विशेष शर्तमा निर्माण व्यवसायीलाई पेश्की रकम नदिने व्यवस्था गरेकोमा पनि गत वर्ष पेश्की रकम रु. ७,७०,०००.०० दिएको पाइयो । यो वर्ष पेश्की फर्छ्यौट भइसकेतापनि सम्झौताका शर्त बमोजिम कार्य नगर्नेलाई जवाफदेही बनाई सम्झौताको पालना गर्ने गराउने व्यवस्था कायम गर्नुपर्दछ ।	
३३			**नागी स्वास्थ्य चौकी भवनको डिपिआर खर्चः** **........... (प्रारम्भिक प्रतिवेदन उपर असूल भई पेश भएको आधारमा मिति २०७९-१२-१९ को निर्णयबाट रु. १९२१५९.६ सम्परीक्षण गरिएको ।**	०
३४			**५९/२०७८-१०-२३ ,थ्री फेज लाइन विस्तार-** **........... (प्रारम्भिक प्रतिवेदन उपर असूल भई पेश भएको आधारमा मिति २०७९-१२-१९ को निर्णयबाट रु. ६८७०.५६ सम्परीक्षण गरिएको ।**	०
३५			**१५ सैयाको आधारभूत अस्पतालः (एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम - ३७०००११६४)** थर्पुमा १५ सैयाको आधारभूत अस्पताल श्री नमुना वीर जे.भी., बिराटनगरसँग २०८०/५/१ भित्र कार्य सम्पन्न गर्ने गरी मूल्य अभिवृद्धि करसमेत ठेक्का रकम रु. १४७५२२६४४.४९ मा सम्झौता गरेको छ । सो ठेक्कामा मोबिलाईजेशन पेश्की रु.	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			२,९५,००,०००.०० र प्रथम रनिङ्ग बिल वापत रु.२,९६,२४,९२३.०० खर्च लेखेको छ । सो ठेक्का सम्बन्धी देखिएका बेहोरा निम्नानुसार छन् ।	
३५.१			**पेश्की रकम-** **........... (प्रारम्भिक प्रतिवेदन उपर पेश्की फछ्यौंट भई पेश भएको आधारमा मिति २०७९-१२-१९ को निर्णयबाट रु. ३३६३९१२.४८ सम्परीक्षण गरिएको ।**	०
३५.२			**मोविलाईजेसन पेश्कीको उपयोगः** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५२क (३) अनुसार पेश्की रकम सम्झौता भएको कार्यको लागि छुट्टै खोलिएको बैंक खाता मार्फत मात्र भुक्तानी हुने र दफा ५२क (५) अनुसार पेश्की रकम कुन प्रयोजनमा खर्च भएको हो सोको विवरण अद्यावधिक गरी निर्माण व्यवसायीले कार्यालयलाई उपलब्ध गराउनुपर्ने व्यवस्थाको पालना भएको छैन । कार्यालयले बाँकी पेश्की रु. २,९५,००,०००.०० को हकमा सो व्यवस्थाको पालना गरी पेश्की अन्यत्र प्रयोग गरेको भए सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३ (६) अनुसार ब्याजसमेत लगाई पेश्की फर्छ्यौट गर्नुपर्दछ ।	
३५.३			**कार्य सम्पादन जमानत-** **........... (प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०७९-१२-१९ को निर्णयबाट रु.** ४४,२५,६७९.३३ **सम्परीक्षण गरिएको ।**	०
३५.४			**खरिद सम्झौताको शर्त पुरा नगरि पेश्की भुक्तानीः** ५/२०७९-१-२५ ठेक्का सम्झौताको शर्तको पालना गरी ठेक्का कार्यान्वयन गर्नुपर्दछ । ठेक्काको विशेष शर्त अनुसार २० प्रतिशतसम्म मोबिलाइजेशन पेश्की दुई किस्तामा दिन मिल्ने र दोस्रो किस्ताको पेश्की दिँदा सम्झौता रकमको कम्तीमा ५ प्रतिशत कार्य भएको मूल्यांकन गरे पश्चात दिनुपर्ने व्यवस्था छ । संयुक्त उपक्रमलाई दोस्रो किस्ताको पेश्की दिँदा निर्माण कार्यको नापजाँच नगरी केवल जग खन्ने कार्य शुरू भएको, निर्माण सामाग्री साइटमा राखेको, लेबर क्याम्प राखेको जस्ता कारण देखाई पेश्कीको दोस्रो किस्ता रु. १,४७,५०,०००.०० निकासा गरेको पाइयो । सम्झौताको शर्त विपरीत निर्माण कार्यको मूल्यांकन नगरी पेश्की निकासा गर्ने कार्य बन्द गर्नुपर्दछ ।	
३६			**३० प्रतिशत मुल्य अभिबृद्धिकर कट्टि नगरेकोः** आर्थिक ऐन २०७८ अनुसार कुनै पनि निर्माण व्यवसायी तथा आपुर्तिकर्तालाई भुक्तानी गर्नु पर्ने मुल्य अभिबृद्धिकर रकम वापतको रकममा ३० प्रतिशत कट्टि गरि बाँकी मुल्य अभिबृद्धिकर रकम मात्र भुक्तानी गर्नु पर्ने व्यवस्था गरेको छ । गाउँपालिकाले केही आपुर्ति कर्ता तथा सेवा प्रदायकलाई भुक्तानी गर्दा सो कट्टि गर्नु पर्ने रकम कट्टि नगरि	११,५६२

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>भुक्तानी गरेको पाईयो । यसरी देहायका भुक्तानीमा कट्टी हुन छुट भएको मुल्य अभिबृद्धिकर रकमको मुल्य अभिबृद्धि कर समायोजन पेश हुनु पर्ने रु
<table>
<tr><th>सि.नं.</th><th>फर्मको नाम</th><th>बिल रकम</th><th>मु अ कर रकम</th><th>३० प्रतिशत रकम</th></tr>
<tr><td>१</td><td>कश्यप ईलेक्ट्रोनिक्स</td><td>३३५०००</td><td>३८५४०</td><td>११५६२</td></tr>
<tr><td colspan="4">जम्मा</td><td>११५६२</td></tr>
</table>

.... (प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०७९-१२-१९ को निर्णयबाट रु. १७२३९ सम्परीक्षण गरिएको ।</td><td></td></tr>
<tr><td>३७</td><td></td><td></td><td>विद्युतीय मिटर जडानः

.... (प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०७९-१२-१९ को निर्णयबाट रु. ४००००० सम्परीक्षण गरिएको ।</td><td>०</td></tr>
<tr><td>३८</td><td></td><td></td><td>बाखा पालन तालिमः (बहुक्षेत्रीय पोषण)

बाखा पालन तालिमः (बहुक्षेत्रीय पोषण) विपन्न महिला समुहका महिलाहरुलाई पोषण सुनिश्चित्तताका लागि आय आर्जन सम्बन्धी ५ दिने बाखा पालन तालिम कार्यका लागि स्वास्थ्य शाखा प्रमुख लत्ता गुरुङ्गले पेश्की लिएको पाईयो । सो पेश्की रकम संघीय सशर्त तर्फको गोस्वारा भौचर नम्बर ७४ र ७५ बाट फस्योँट गरेको पाईयो। वडा नम्बर ५ मा सो तालिम संचालन गर्न रु २५००००.०० पेश्की लिई कार्यक्रम सम्पन्न गरेको बिल भरपाई पेश भएको छ । स्वास्थ्य शाखामा कार्यरत शाखा प्रमुखले पशु तथा भेटेरेनरी सम्बन्धी तालिम दिने गरि पेश्की लिने र तालिम पनि गर्ने र यसरी असम्बन्धित शाखामा कार्यरत कर्मचारीलाई पेश्की दिने र कार्यक्रम संचालन गर्ने कार्यमा नियन्त्रण गरि सम्बन्धित शाखाका कर्मचारीले मात्र कार्यक्रम संचालन गराउने तर्फ ध्यान जानु पर्दछ ।</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
३९			**बोर्डिङ्ग पास बिना भ्रमण खर्च भुक्तानीः** **........... (प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०७९-१२-१९ को निर्णयबाट रु.** १५०७५ **सम्परीक्षण गरिएको ।**	०
४०			**मोटरसाईकल खरिदः** मोटरसाईकल खरिद — स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले पूँजी सृजना नहुने खालका वितरणमूखी तथा उपयोगिता नदिने खर्चलाई निरुत्साहित गर्दै स्थानीय तहले अधिकतम प्रतिफल दिने र पूँजीको निर्माण हुने एवं उपयोगिता सिर्जना हुने गरी योजना छनौट तथा कार्यान्वयन गर्नुपर्ने कार्यक्रम छनौट गरी पूँजीगत शीर्षकमा समावेश गरी सीमित स्रोतको उच्चतम प्रयोग गर्नुपर्दछ । यस गाउँपालिकाले मोटरसाईकल खरिदकालागी चालु खर्च शिर्षकमा रु ३ लाख विनियोजन गरेको तर कार्यालयले रु ६ लाख ९९ हजारको मोटरसाईकल क्याटालक सपिङ्ग विधिबाट खरिद गरेको पाईयो । चालु शिर्षकमा मोटरसाईकल खरिद शिर्षकमा विनियोजन भएको बजेट भन्दा बढि भएको रु ३ लाख ९९ हजार रकम भैपरी पुँजिगत जगेडा शिर्षकबाट भुक्तानी गरेको देखियो । यसरी विनियोजन गरेको भन्दा बढि पर्ने गरि लागत अनुमान बनाई खरिद गर्ने र मेसिनरि औजार खरिद गर्न चालु शिर्षकमा बजेट विनियोजन गरिने कार्यमा नियन्त्रण हुनु पर्दछ ।	
४१			**साना सिँचाइ कार्यक्रम, दोस्रो चरण** साना सिँचाइ कार्यक्रम, दोस्रो चरण तर्फ देखिएका व्यहोरा देहाय अनुसार रकेका छन ।	
४१.१			**व्यवस्थापन शुल्क-** सार्वजनिक खरिद नियमावली , २०६४ को नियम ९७ (८) अनुसार प्राबिधिक सहयोगका लागि बाह्य जनशक्ति आवश्यक परेमा लागतको ३ प्रतिशतसम्म कन्टिन्जेन्सीबाट खर्च बेहोर्ने व्यवस्था छ । तर व्यवस्थापनका लागि खर्च दिने व्यवस्था गरेको छैन । सिँचाई योजना निर्माणका सन्दर्भमा खरिद नियमावलीसँग अमिल्दो हुने गरी उपभोक्ता समितिलाई लाग्ने व्यवस्थापकीय खर्चका लागि निर्माण लागतको २ प्रतिशत व्यवस्थापन शुल्क दिने व्यवस्था गरेको छ । उपभोक्ता समितिका पदाधिकारीहरूको खाना, खाजा, होटल बास खर्चका साथै झोला, संचार र उपकरण खरिद लगायतमा खर्च गर्ने गरेको छ । व्यवस्थापन खर्चमा के कस्ता खर्च गर्न पाउने सीमा निर्धारण नगरेको र खरिद गरिएका सामानको जिन्सी दाखिला गर्ने नगरेको अवस्था छ । व्यवस्थापन	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>शुल्कबाट गरिने खर्चका शीर्षक र सीमा निर्धारण गर्नुपर्ने तथा खरिद नियमावली अनुकूल व्यवस्थापन शूल्कलाई नियन्त्रण गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>४१.२</td><td></td><td></td><td>मर्मत संभार कोषः संघीय सरकार, प्रदेश सरकार, स्थानीय तह, स्वीस नियोग र उपभोक्ता समितिको संलग्नतामा सिँचाई योजना संचालन गर्दा उपभोक्ता समितिले योजनाको लागत अनुमानको १ प्रतिशत रकम मर्मत संभारका लागि छुट्टै बैंक खातामा दाखिला गर्नुपर्ने व्यवस्था गरेको छ । योजना सम्पन्न हुँदासम्म सो रकम बैंकमा नै रहनुपर्नेमा आर्थिक वर्ष समाप्त भए पछी उपभोक्ता समितिले गरेको कारोबारको लेखापरीक्षण प्रतिवेदनका साथै मर्मत संभार कोष रकमको बैंक स्टेट्मेन्ट पेश गर्नुपर्नेमा सो गरेको पाइएन । कार्यालयले सम्झौताका शर्तको पालना गरी सो कोषमा रकम रहेको यकिन गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>४१.३</td><td></td><td></td><td>सार्वजनिक खरिद कानूनको उपयोगः सम्झौतामा जल उपभोक्ता समितिले निर्माण सामाग्रीहरू खरिद गर्दा कम्तीमा ३ वटा दरभाउपत्र मार्फत समयमै खरिद गर्नुपर्ने र सोका लागि कार्यक्रम व्यवस्थापन तथा कार्यान्वयन सहयोग परामर्शदाता कार्यालयले कम्तीमा ३ वटा दरभाउपत्र मार्फत खरिद गर्न सहयोग गर्ने एवं प्रकृया अवलम्बन गरेको सुनिश्चित गर्नुपर्ने व्यवस्था गरेको भएपनि सोको पालना गरेको पाइएन । सम्झौताको कार्यान्वयन गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>४२</td><td></td><td></td><td>कर कट्टि नगरेकोः

आर्थिक ऐन, २०७८ अनुसार पारिश्रमिक भुक्तानी रकममा १ प्रतिशत कर र आयकर ऐन, २०५८ को दफा ८८ अनुसार भाडामा १० प्रतिशत कर कट्टा गर्नुपर्नेमा निम्न सिँचाई योजनाहरूमा उपभोक्ता समितिमार्फत कार्य गराउँदा डोर हाजिर फाराम अनुसार १० प्रतिशत योगदान कट्टा गरी कामदारको ज्याला खर्चमा १ प्रतिशत कर र भाडामा १० प्रतिशत कर कट्टा गर्नुपर्ने रु.
<table>
<tr><td>क्र. सं.</td><td>भौचर नं.</td><td>योजना</td><td>ज्याला/भाडा खर्च रु.</td><td>कर रकम रु.</td></tr>
<tr><td>४</td><td>३२ (संघीय)</td><td>कागुने सिँचाई योजना</td><td>६८१८९०.</td><td>६८१८.९</td></tr>
</table>

.... (प्रारम्भिक प्रतिवेदन उपर असूल भई पेश भएको आधारमा मिति २०७९-१२-१९ को निर्णयबाट रु. ५२८६० सम्परीक्षण गरिएको ।</td><td>६,८१८.९</td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
४३			**सम्परीक्षणः** यस पालिकाको बेरुजु अभिलेख अनुसार आर्थिक वर्ष २०७७।७८ सम्मको कुल बेरुजु रु. २ करोड २७ लाख १८ हजार फछ्यौंट गर्न बाँकी रहेको छ । आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ बमोजिम कार्यालयले बेरुजु फछ्र्यौट गरी सम्परीक्षणका लागि अनुरोध गरेको देहाय अनुसारको रु. १ करोड ८८ लाख ५१ हजार ६४५ पेश भएकोमा तपसिल बमोजिमको रु. रु.१ करोड ५३ लाख ५१ हजार ६४५ बेरुजु सम्परीक्षण गरिएको छ । उक्त बेरुजूको लगत कट्टा गरी कार्यालयबाट जानकारी गराइने छ । बाँकी बेरुजुको नियमानुसार असुल फछ्र्यौटको कारबाही गर्नुपर्छ ।	

आर्थिक वर्ष	बेरुजू दफा	बेरुजू फर्छ्यौटको बिबरण	रकम रु.
२०७३।७४	९.२	ओयाम गा.वि.स. सचिव श्री भूपराज अधिकारी कन्टिन्जेन्सी वापतको पेश्कि फछ्यौंट	१६७००
२०७३।७४	९.३	ओयाम गा.वि.स. सचिव श्री भूपराज अधिकारी जन्म दर्ता वापतको पेश्कि फछ्यौंट	३५६४४
२०७३।७४	९.४	ओयाम गा.वि.स. प्रा.स. सूर्य बहादुर सेलिङ सिलाई मेशिन खरिद पेश्की फस्यौंट	१२०००
२०७३।७४	९.५	ओयाम गा.वि.स. प्रा.स. सूर्य बहादुर सेलिङ कन्टिन्जेन्सी खरिद पेश्की फस्यौंट	४००००
२०७३।७४	९.६	सूर्य बहादुर सेलिङ सा.सु भत्ता वितरण खाजा खर्चको पेश्की फस्यौंट	२१०००
२०७३।७४	९.१	गौमुखी विद्युत सहकारी संस्थाको पेश्की फस्यौंट	११२३८५५
२०७३।७४	६.	साविक च्याङथापु गा.वि.स. का अ.स.ई श्री कृष्ण प्रसाद खरेलले विलभर्पाई विना पेश्कि फछ्यौंट गरेको हुँदा असुल गरी दाखिला गर्नुपर्ने ।	८७७२

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम

२०७३।७४	१०.४	तत्कालिन फलैचा गा.वि.स.को कर दाखिला गर्नुपर्ने	५३३२
२०७३।७४	१०.१२	तत्कालीन च्याङथापु गा.वि.स.ले कर दाखिला गर्नुपर्ने	७७७२
२०७३।७४	१२.	तत्कालिन ओयाम गा.वि.स. सचिव भूपराज अधिकारीलाई बढी भुक्तानी भएको दाखिला गर्नुपर्ने	५५०५०
२०७३।७४	१	च्याङथापु गा.वि.स. को मौज्दात रकम पालिकाको संचितकोष दाखिला हुनु पर्ने रकम दाखिला	१११९४३
२०७३।७४	१	फलैचा गा.वि.स. को मौज्दात रकम पालिकाको संचितकोष दाखिला हुनु पर्ने रकम दाखिला	५०५०
२०७३।७४	१	ओयाम गा.वि.स. को मौज्दात रकम पालिकाको संचितकोष दाखिला हुनु पर्ने रकम दाखिला	९१९७०
२०७३।७४	१	थर्पु गा.वि.स. को मौज्दात रकम पालिकाको संचितकोष दाखिला हुनु पर्ने रकम दाखिला	१७५४
२०७३।७४	१	थर्पु गा.वि.स. को मौज्दात रकम पालिकाको संचितकोष दाखिला हुनु पर्ने रकम दाखिला	३४४२३१
२०७३।७४	१	नागी गा.वि.स. को मौज्दात रकम पालिकाको संचितकोष दाखिला हुनु पर्ने रकम दाखिला	४१०६१
२०७३।७४	९.७	वडा नं. १ को खातामा रहेको रकम गाउँपालिकामा फिर्ता गर्नुपर्ने	१५०५८९
२०७३।७४	९.८	वडा नं. ४ को खातामा रहेको रकम गाउँपालिकामा फिर्ता	१६५९४८

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम

२०७३।७४	१०.९	ओयाम गा.वि.स.ले कर दाखिला गर्न बाँको रहेको हुँदा कर दाखिला	४६८६६
२०७३।७४	१०.१	ओयाम गा.वि.स.ले मालपोत रकम दाखिला गर्न बाँको रहेको हुँदा दाखिला	१५९७
२०७३।७४	१३	साविक च्याङथापु गा.वि.स.को विपत व्यवस्थापन कोषमा रहेको रकम गाउँपालिकाको खातामा दाखिला	१०००००
२०७३।७४	५	शिर्षक फरक पारी खर्च लेखेको नियमित	४९२९४
२०७३।७४	१०.५	प्राविधिक पुष्ट्याई बिना भएको भुक्तानी नियमित भएकव	५००००
२०७३।७४	१०.६	फरक प्रयोजनमा गरेको खर्च नियमित विद्यालय	२०००००
२०७३।७४	१०.७	राजश्व आम्दानी सिधै खर्च लेखेकोमा नियमित	१२२०६
२०७३।७४	१०.१५	राजश्व आम्दानी सिधै खर्च लेखेकोमा नियमित	६०००
२०७३।७४	११.००	फरक प्रयोजनमा गरेको खर्च नियमित	१२००००
२०७३।७४	११.१०	भानु आधारभुतको क्षमता अभिबृद्धि रकम घेरा बारा लगाएको नियमित	५००००
२०७३।७४	११.२०	पुस्तकालय व्यवस्थापन अनुदान तार जाली तथा घेराबारामा गरेको खर्च नयमित	१४६०००
२०७४।७५	२२	शिर्षक फरक पारी सामाजिक परिचालकको तलब भत्ता भुक्तानी भएको रकम नियमित	१००५००

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम

२०७४।७५	३२	म्याद समाप्त अगावै भ्याक्सिन लगाएको प्रमाण पेश भई नियमित भएको	७२०००
२०७४।७५	३४	प्रयोजन नखुलेको खरिद बाढि पहिरो र भु-क्षयबाट क्षती भएको बेला खरिदको प्रमाण र नियमित	५०००००
२०७४।७५	३७	मौज्दात न्यानो झोला बर्थिङ्ग सेन्टरहरुमा बुझाएको प्रमाण पेश र नियमित	४५०००
२०७४।७५	३९	सोझै खरिद नियमित भएको	८७५०१९
२०७४।७५	४१	VAT र PAN मा दर्ता नभएका र १५ प्रतिशत कर कट्टि गरि गरेको भुक्तानी नियमित	१३५०००
२०७४।७५	५२	शिर्षक फरक पारी शिक्षक तलब वापत भएको भुक्तानी नियमित	२९००००
२०७४।७५	२८	तरकारीको बिउ रु ११७५०० र तरकारी मिनिकिट रु ११२५०० गरि भुक्तानी भएको हुदा तरकारीको बिउको लागि मात्र सो सम्पुर्ण रकम भुक्तानी नभएको	४८५००
२०७४।७५	४२	मौज्दातमा रहेका ग्याविन, जस्तापाता र पाईप विभिन्न वडाहरुमा वितरण गरेको प्रमाण पेश	१५९७४११
२०७४।७५	३१	उन्नत जातको बाखा भनि प्रमाणित गरिएको प्रमाण पेश	२०५०००
२०७४।७५	२१	गणेश काम्बाङ्गको पेश्की फस्यौंट	२००००
२०७४।७५	२१	फोटो पत्रकार भवानी तावाको पेश्की फस्यौंट	५००००

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>२०७४।७५</td><td>२१</td><td>रविन खत्रीको पेश्की फस्यौंट</td><td>९०९०</td></tr>
<tr><td>२०७४।७५</td><td>४३</td><td>कृष्ण प्रसाद खरेललाई भ्रमण भत्ता बढि भुक्तानी भएको रकम असुल</td><td>१२००</td></tr>
<tr><td>२०७४।७५</td><td>३५</td><td>दिपज्योती युवा क्लबको बहाल कर कट्टि दाखिला भएको</td><td>७२००</td></tr>
<tr><td>२०७४।७५</td><td>३६</td><td>दिपज्योती युवा क्लबको विभिन्न कार्यक्रमको कट्टि दाखिला भएको</td><td>४४१०</td></tr>
<tr><td>२०७४।७५</td><td>३८</td><td>औषधि खरिद बिलमा १.५ प्रतशत कर कट्टा भएको प्रमाण पेश</td><td>३६००</td></tr>
<tr><td>२०७५।७६</td><td>४३</td><td>कम दरमा खरिद भए पनि दर बिश्लेषण अनुसार उ.स. लाई भएको भुक्तानी नियमित भएको</td><td>१३०६९६</td></tr>
<tr><td>२०७५।७६</td><td>४८</td><td>नाफामुलक संस्थाको संचालन खर्च सभाबाट नियमित भएको</td><td>१९७४९०१</td></tr>
<tr><td>२०७५।७६</td><td>४९</td><td>उपभोक्ता समितिलाई भुक्तानी गर्दा बढि व्ययभार परेको रकम सभाबाट नियमित</td><td>४७९११८.१</td></tr>
<tr><td>२०७५।७६</td><td>५२</td><td>सामुदायिक स्वास्थ्य ईकाईको भुक्तानी कार्यविधी बनाउने गरि नियमित</td><td>२१५०००</td></tr>
<tr><td>२०७५।७६</td><td>६६</td><td>अलैंचि प्रवर्द्धन कार्यक्रम वापत कृषक अनुदान कृषि विकास मन्त्रालयबाट प्राप्त भएको</td><td>२४७५०००</td></tr>
<tr><td>२०७५।७६</td><td>७१</td><td>अतिरिक्त कर्मचारी सुविधा वापत भुक्तानी भएको सभाबाट नियमित</td><td>१२०००००</td></tr>
<tr><td>२०७५।७६</td><td>३९</td><td>ननफाईलर दर्शन काष्ठ, यशोजदा फर्मा, पावरटेक ईलेक्ट्रोनिक्स को कर समायोजन पेश</td><td>८४५१२३.२०</td></tr>
</table>
</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम

२०७५।७६	६६(४)	कृष्ण ग्रिल एण्ड ईन्जिनियरिङ्गको पेश्की गो भौ नं १४ बाट फस्यौंट	१९०७१०
२०७५।७६	६३	रोजगार संयोजक पवन भट्टराईलाई बढि भुक्तानी असुल भएको	८०००
२०७५।७६	६४	प्रधानमन्त्री रोजगार निर्देशिका विपरित लेखेको खर्च असुल भएको	२२१७०
२०७५।७६	५३	नर बहादुर गुरुङ्गको बढि प्रशिक्षक भत्ता असुल भएको	११९००
२०७५।७६	५७	गंगा प्रसाद पाण्डेको बढि फिल्ड भत्ता भुक्तानी असुल	२१६००
२०७५।७६	५७	प्रेमकला काम्बाङ्गको बढि फिल्ड भत्ता भुक्तानी असुल	२१६००
२०७५।७६	५८	उमेश कुमार नेपालीलाई बढि भुक्तानी असुल	१२८६०
२०७५।७६	५७	रेड्सोना केरुङ्गको बढि फिल्ड भत्ता भुक्तानी असुल	१८००
२०७५।७६	५१	लोचन चौदंडी जेभीको धरौटी कट्टा नभएको DLP समेत सम्पन्न भएको अनुगमन प्रतिवेदनबाट कुनै क्षती नभएको हुदा नियमित भएको	२३६६०४
२०७६।७७	२२	युवराज मावोलाई बढि भुक्तानी भएको रकम असुल	११४७५
२०७६।७७	२२	प्रेम सिग्देललाई बढि भुक्तानी भएको रकम असुल	५५२५
२०७६।७७	२५	प्रविणहाङ योङहाङको बोर्डिङ्ग पास बिना भुक्तानी भएको रकम असुल	५९००
२०७६।७७	२३	कमल कुमारी योङहाङ्गको बढि प्रशिक्षण भत्ता असुल	१४८८
२०७६।७७	२४	कुल बहादुर आङ्देम्बेले बढि भुक्तानी गरेको रकम असुल	१२२५

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम

२०७६।७७	२४	राम प्रसाद ढकाललाई बढि भुक्तानी भएको रकम असुल	२५५०
२०७६।७७	२३	राम प्रसाद ढकाललाई बढि भुक्तानी भएको रकम असुल	२८०५
२०७६।७७	२४	कुमारी तामाङ्गलाई बढि भुक्तानी भएको रकम असुल	२५५०
२०७६।७७	२६	मुनादेवी कडरीयाको अवकास पछिको भुक्तानी असुल	५३८६१
२०७६।७७	२४	होम प्रसाद सिंगुको बढि भुक्तानी असुल	१२२५
२०७६।७७	२७	रविन खत्रीलाई बढि भुक्तानी भएको रकम असुल	१०५००
२०७६।७७	२७	फर्लमु शेर्पालाई बढि भुक्तानी भएको रकम असुल	१०५००
२०७६।७७	२२	बिरेन्द्र काफ्लेलाई बढि भुक्तानी भएको रकम असुल	१३६००
२०७६।७७	२३	शरद दाहाललाई बढि भुक्तानी भएको रकम असुल	२८०५
२०७६।७७	२३	दिपेन्द्र बुढाथोकीलाई बढि भुक्तानी भएको रकम असुल	५४१०
२०७६।७७	३१	लागत अनुमान र कार्यसम्पन्न बीना भएको भुक्तानी सो अनुसारको प्रमाण पेश	४००१९०
		जम्मा	**१५३६३२५५**